## मिति २०७६/०९/१७ गतेको कार्यपालिका बैठकको निर्णय

**निर्णय नं. १ :-** राष्ट्रिय योजना आयोग सिंहदरवार काठमाडौंको मिति २०७६/०९/०२ मा प्रकाशित सूचना बमोजिम समपुरक तथा विशेष अनुदान कार्यक्रम तर्फ आ.व. ०७७/०७८ का लागि यस नगरपालिकाको प्राथमिकतामा परेका तपसिल बमोजिमका योजना छनौट गरी राष्ट्रिय योजना आयोगमा सिफारिस गर्ने ।

**बिशेष अनुदान तर्फ :**

| सि.नं. | आयोजनाको नाम | आयोजना स्थल | अनुमानित लागत रकम रु. | कैफियत |
|---|---|---|---|---|
| १ | बाल विकास र पर्यटन प्रबर्द्धनका लागि बाल उद्यान र सौर्य मण्डल नमूना निर्माण आयोजना | वडा नं.१ | ५,००,०००,००। | बाल विकास र पर्यटन प्रवर्द्धनका लागि |
| २ | टीकापुर बृहत पार्क (बंगला पार्क)मा पक्की घेरापर्खाल निर्माण आयोजना | वडा नं. ५ | ५,००,०००,००। | ऐतिहासिक, पर्यटकीय पार्क, आन्तरिक तथा बाह्य पर्यटकका लागि आर्कषक गन्तव्य रहेको |
| ३ | आवास कार्यक्रम मगर बस्ती, दलित बस्ती | वडा नं. ७ | ४,५०,०००,००। | आर्थिक रुपले निकै पिछडिएको बस्ती |
| | | | १४,५०,०००,००। | |

**समपुरक अनुदान तर्फ :**

| सि.नं. | आयोजनाको नाम | आयोजना स्थल | अनुमानित लागत रकम रु. | नगरपालिकाको म्याचिगं रकम रु. | नेपाल सरकार अनुदान रु. | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | वडा नं. ६ को वडा कार्यालय भवन निर्माण आयोजना | वडा नं ६ | १,५०,०००,००। | ७५,०००,००। | ७५,०००,००। | |
| २ | वडा नं. ७ हुलाकी रोडबाट डल्फिन संरक्षण क्षेत्र हुदै खक्रौला भन्सार जोड्ने बाटो | वडा नं. ७ | ४,००,०००,००। | २,००,०००,००। | २,००,०००,००। | |
| ३ | वडा नं २ मिलन चोक देखि सनकट्टी जाने बाटो कालो पत्रे | वडा नं. २ | ६,००,०००,००। | ३,००,०००,००। | ३,००,०००,००। | प्रदेश नं. ५ जोड्ने |
| | **जम्मा** | | ११,५०,०००,००। | ५,७५,०००,००। | ५,७५,०००,००। | |

प्रमुख

**निर्णय नं. २ :-** यस नगरपालिकाको छैठौ नगरसभा (आ.व. ०७६/०७७ को हिउदे नगरसभा ) को बैठकको मिति २०७६ /०९/२८ गते तय गरियो ।

**निर्णय नं. ३ :-** भ्रमण वर्ष २०२० लाई सफल बनाउनका लागि यस नगरपालिका क्षेत्र भित्र आन्तरिक तथा बाह्य पर्यटकहरु भित्र्याउन विविध कार्यक्रम सहित व्यवस्थित रुपमा कार्यक्रम संचालन तथा व्यवस्थापन गर्नका लागि आर्थिक विकास समितिका संयोजकको अध्यक्षतामा तपसिल बमोजिमको भ्रमण वर्ष २०२० व्यवस्थापन समिति गठन गर्ने साथै उक्त समितिले विभिन्न पक्ष संग समन्वय गरी आवश्यक कार्यक्रम तथा अनुमानित बजेट समेतको कार्ययोजना आगामि नगर कार्यपालिकाको बैठकमा पेश गर्ने निर्णय गरियो ।

**तपसिल :**

| क्र.सं. | पद | पदाधिकारीको नाम | कैफियत |
|---|---|---|---|
| १ | संयोजक | श्री रमेश वि. क. | आर्थिक विकास समिति संयोजक एवं कार्यपालिका सदस्य |
| २ | सदस्य | श्री गंगाराम आचार्य | वडा नं. १ वडा अध्यक्ष |
| ३ | सदस्य | श्री अक्कल बहादुर माझी | कार्यपालिका सदस्य |
| ४ | सदस्य | श्री उपमा के.सी | कार्यपालिका सदस्य |
| ५ | सदस्य | शान्ती देवी डगौरा थारु | कार्यपालिका सदस्य |
| ६ | सदस्य | श्री शोभा नगार्जी | कार्यपालिका सदस्य |
| ७ | सदस्य सचिव | श्री श्यामराज पाण्डे | आर्थिक विकास समिति सदस्य सचिव |

**निर्णय नं. ४ :-** यस नगरपालिकालाई पर्यटकीय क्षेत्रको रुपमा विकास गर्न टीकापुर सर्किट कार्यक्रम अन्तर्गत आ.व. ०७६/०७७ का लागि पर्यटन विभागबाट पर्यटन पूर्वाधार तथा अन्य सार्वजनिक निर्माण शिर्षकमा प्राप्त बजेटबाट तपसिल बमोजिमका पर्यटकीय स्थलहरुको पूर्वाधार स्तरोन्नतीका लागि रकम विनियोजन गर्ने निर्णय गरियो ।

**तपसिल**

| क्र.सं. | योजनाको नाम | योजना स्थल | विनियोजित रकम | लागत सहभागिता | जम्मा |
|---|---|---|---|---|---|
| १ | टीकापुर बृहत पार्कको घेरा पर्खाल | टीकापुर , वडा नं. ५ | ४०,००,०००। | १०,००,०००। | ५०,००,०००। |
| २ | डल्फिन क्षेत्र जाने बाटो | टीकापुर नगरपालिका वडा नं. ७ | ३२,००,०००। | ८,००,०००। | ४०,००,०००। |
| ३ | पदम प्रकाशेश्वर | वडा नं.७ | ८,००,०००। | २,००,०००। | १०,००,०००। |
| | **जम्मा** | | ८०,००,०००। | २०,००,०००। | १,००,००,०००। |

टीकापुर नगरपालिका
टीकापुर, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

नगर प्रमुख

**निर्णय नं.५ :-** यस नगरपालिका क्षेत्रमा माघी पर्वलाई परम्परागत रुपमा विशेष पर्वको रुपमा मनाईदै आईरहेको सन्दर्भमा माघी पर्व , २०७६ को अवसरमा वडा नं. ५ दौलतपुरघाटमा अवस्थित कर्णालेश्वर शिव मन्दिरमा शिवकोमूर्ति स्थापना गरी माघी मेला विशेष मनाउनका लागि नगर प्रमुखज्यूको संयोजकत्वमा सम्पूर्ण कार्यपालिका सदस्य समेत रहनेगरी माघी पर्व व्यवस्थापन समिति गठन गर्ने साथै मूर्ति स्थापना तथा अन्य व्यवस्थापकीय कार्यका लागि चालु आ.व. ०७६/०७७ को भैपरी चालु शिर्षकबाट रु. ३,५०,०००।(तीन लाख पचास हजार ) विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६ :-**कृषि ज्ञान केन्द्र, कन्चनपुरको च.नं.१२४ मिति२०७६/०५/१६ को कृषि हाट बजार निर्माण सम्बन्धी प्राप्त पत्र अनुसार वडा नं. १, ब्लक नं.११ खक्रौला रोड देखि पश्चिम कर्णाली मा.वि. देखि पूर्व बनगाउँ कुला देखि उत्तर ,ज्ञानी कूलो देखि दक्षिण बीचमा रहेको सार्वजनिक जग्गामा कृषि हाटबजारका लागि केहि संरचनाहरु बनिसकेकोमा उक्त ज्ञान केन्द्रबाट प्राप्त हुने बजेटबाट सोहि स्थानमा थप पूर्वाधारका संरचना निर्माण गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७ :-** यस नगरपालिका क्षेत्रमा मिति २०७६/०२/२३ गते आएको हावाहुरीबाट क्षति भएका घरपरिवारहरुलाई राहत वितरण गर्नका लागि जिल्ला प्रशासन कार्यालय धनगढी, कैलालीको प.स. ०७५/०७६, च.नं.६२३७, मिति २०७६/०३/२६ को पत्र सहित रा.वा.बैंक धनगढी शाखाको चेक नं.००४३५७४९०३ को चेक पेश्किको रुपमा प्राप्त भएकोमा यस नगरपालिकाको स्रोतबाट निजहरुलाई राहत उपलब्ध गराई सकिएकोमा दोहोरो पर्न जाने भएकोले यस नगरपालिकाको संचित कोषमा जम्मा भएको उक्त रकम फिर्ता पठाउने निर्णय गरियो ।

**निर्णय नं. ८ :-** टीकापुर उद्योग वाणिज्य संघ, टीकापुर कैलालीको प.सं०७६/०७७, चं.नं.२४१, मिति २०७६/०८/१६ गतेको पत्रबाट टीकापुर महोत्सव २०७६ आयोजना गरिदिने सम्बन्धमा पत्र प्राप्त भएकोमा भ्रमणवर्ष २०२० लाई समेत मध्येनजर गरी महोत्सव आयोजना, संचालन एंव व्यवस्थापनका लागि चालु आ.व.०७६/०७७ मा भैपरी चालु शिर्षकमा विनियोजित बजेट बाट रु. १२,००,०००। उद्योग बाणिज्य संघलाई उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ९ :-** यस नगरपालिकाको वडा नं. ७ मा नेपाल चिकित्सक संघ भेरी शाखाको आयोजनामा यहि पौष १९ गते गरिने बृहत निशुल्क स्वास्थ्य शिविरमा व्यवस्थापकीय खर्च (खाना, नास्ता र अन्य) का लागि आवश्यक रकम माग गरिएकोमा भैपरी चालु शिर्षक बाट ३०,०००। (तीस हजार) हजार विनियोजन गर्ने निर्णय गरियो ।

नगर प्रमुख
तपेन्द्र बहादुर रावल

टीकापुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
टीकापुर, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल